३. समितिको गठनः (१) संग्रहालयको संरक्षण तथा विकासको लागि पाटन संग्रहालय विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरू रहनेछन्ः–

| | | |
|---|---|---|
| (क) | उप-महानिर्देशक, पुरातत्व विभाग | अध्यक्ष |
| (ख) | प्रतिनिधि, युवा, खेलकुद तथा संस्कृति मन्त्रालय | सदस्य |
| (ग) | प्रतिनिधि, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान | सदस्य |
| (घ) | प्रतिनिधि, ललितपुर उप-महानगरपालिका | सदस्य |
| (ङ) | प्रतिनिधि, ललितपुर सम्पदा समूह | सदस्य |
| (च) | प्रतिनिधि, मदन पुरस्कार पुस्तकालय, ललितपुर | सदस्य |
| (छ) | प्रतिनिधि, नेपाल हस्तकला उद्योग संघ | सदस्य |
| (ज) | संग्रहालय शाखा प्रमुख, पुरातत्व विभाग | सदस्य |
| (झ) | प्रमुख, संग्रहालय | सदस्य-सचिव |

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरूमा हेरफेर वा थपघट गर्न सक्नेछ ।

(४) समितिले आवश्यक देखेमा अन्य कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकारः (१) समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :–

(क) संग्रहालयको विकासको सम्बन्धमा योजना तर्जुमा गर्ने र त्यसका लागि आवश्यक पर्ने आर्थिक स्रोतको व्यवस्था गर्ने,

(ख) संग्रहालयमा गरिएका संकलनलाई शैक्षिक, सांस्कृतिक तथा पर्यटकीय दृष्टिले गुणस्तरयुक्त तुल्याई अन्तर्राष्ट्रिय स्तरको संग्रहालयको रूपमा संचालन गर्ने कार्यक्रमको तर्जुमा गर्ने र कार्यान्वयन गर्ने, गराउने,

(ग) संग्रहालयमा प्रदर्शनीको लागि राखिएका कलाकृतिहरूको संरक्षण तथा सुरक्षाको लागि आवश्यक व्यवस्था गर्ने,

(घ) संग्रहालयमा रहेका कलाकृतिहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाविद्हरूबाट अन्वेषण तथा अनुसन्धान गराउने,

(ङ) संग्रहालयको विभिन्न कक्षहरू आकर्षक ढंगले सजावट गरी पर्यटकीय दृष्टिले आकर्षक तुल्याउने,





(च) संग्रहालयका कर्मचारीहरूको तालिमको लागि व्यवस्था गर्ने,

(छ) संग्रहालयको प्रवेश शुल्कको निर्धारण गर्ने र असुल गर्ने,

(ज) संग्रहालयको लागि प्रयोगमा नआएका कोठाहरू भाडामा दिने,

(झ) संग्रहालयमा विभिन्न वस्तुहरू खरीद गरी प्रदर्शन गर्ने,

(ञ) संग्रहालयको कार्य संचालन गर्नको लागि आवश्यक कर्मचारीहरूको सेवा, शर्त, निर्धारण गर्ने, दरबन्दी स्वीकृत गर्ने र कर्मचारीहरू नियुक्ति गर्ने,

(ट) संग्रहालय संचालन सम्बन्धमा आवश्यक अन्य कार्यहरू गर्ने गराउने ।

५. समितिको बैठक र निर्णयः (१) समितिको बैठक अध्यक्षको स्वीकृति लिई सदस्य सचिवले बोलाउने छ ।

(२) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित समितिका सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिको बैठकको लागि कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(५) समितिको बैठकको निर्णय सदस्य सचिवले प्रमाणित गरी राख्नेछ ।

(६) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

६. उप-समिति गठन गर्न सक्नेः (१) यस आदेशको उद्देश्य पूर्तिको लागि समितिले आवश्यकतानुसार उप-समिति गठन गर्न सक्नेछ ।

(२) उप-दफा (१) बमोजिम गठन हुने उप-समितिको काम, कर्तव्य र अधिकार समितिले तोकेबमोजिम हुनेछ ।

७. संग्रहालय प्रमुखः संग्रहालयमा कार्यरत अधिकृत कर्मचारीहरूमध्ये कुनै कर्मचारीलाई श्री ५ को सरकारले संग्रहालय प्रमुखको रूपमा तोक्न सक्नेछ ।

८. कर्मचारीसम्बन्धी व्यवस्थाः (१) समितिको कर्मचारीहरूको नियुक्ति नभएसम्मको लागि श्री ५ को सरकारको कुनै कर्मचारीलाई समितिबाट तलब खाने गरी श्री ५ को सरकारले समितिमा काजमा खटाउन सक्नेछ ।